निर्णयहरू:-

१. निजी अस्पतालबाट सेवा सुचारू गर्ने सम्बन्धमा मिति २०७६-१२-१९ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट भएको निर्णयअनुसार सेवा सुचारू भए, नभएको सम्बन्धमा हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाकाको कार्यालय र स्वास्थ्य कार्यालय, मकवानपुर संयुक्तरूपमा ले अनुगमन गर्ने ।

२. सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौडाद्वारा स्वास्थ्य कार्यालय, मकवानपुरलाई हस्तान्तरण गरिएको देहायको परिमाणको स्वास्थ्य सामग्रीहरूको विवरण बैठकमा जानकारी गराइयो र सबै स्थानीय तहसँग समन्वय गरी स्वास्थ्य केन्द्रहरूमा आवश्यकताअनुसार ती सामग्रीहरू जिल्ला स्वास्थ्य कार्यालय, मकवानपुरले तत्काल उपलब्ध गराउने ।

निम्न:-

क. गाउन- २० थान

ख. मास्क (साधारण)- ३०० थान

ग. मास्क (N95)- १० थान

घ. ग्लोभ्स- ६०० थान

३. दैनिक गुजारा चलाउन नसक्ने अति विपन्न परिवारहरूलाई राहत वितरणको लागि सम्बन्धित स्थानीय तहका वडा अध्यक्षहरूले अनिवार्यरूपमा स्थानीय तहमा जानकारी गराउने र वितरण गरिएको राहतको विवरण दैनिकरूपमा वडामा सार्वजनिक गर्ने । साथै, स्थानीय तहहरूले सो को विवरण जिल्ला समन्वय समितिको कार्यालयलाई उपलब्ध गराउने र जिल्ला समन्वय समितिको कार्यालयले प्रत्येक दिन सो विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने ।

४. भारत र तेस्रो मुलुकबाट चैत्र १ गते पश्चात् मकवानपुर जिल्लामा आएका व्यक्तिहरूको संख्या, तिनीहरुको स्वास्थ्य अवस्था, यस जिल्लामा स्थापना गरिएको क्वारेन्टाइन, Isolation Ward र ICU Ward को संख्या र तिनमा राखिएका व्यक्तिहरूको संख्या र स्वास्थ्य परीक्षण सम्बन्धी Report देहाय बमोजिम रहेको व्यहोरा बैठकमा अवगत गराइयो ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मकवानपुर

०७६।१२।२०
दीपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

भारत र तेस्रो मुलुकबाट चैत्र १ गते पश्चात् मकवानपुर जिल्लामा आएका व्यक्तिहरूको संख्या, तिनीहरुको स्वास्थ्य अवस्था, यस जिल्लामा स्थापना गरिएको क्वारेन्टाइन, Isolation Ward र ICU Ward को संख्या र तिनमा राखिएका व्यक्तिहरूको संख्या र स्वास्थ्य परीक्षण सम्बन्धी Report को विवरण (मिति २०७६-१२-२० सम्मको)

| क.सं. | स्थानीय तह | विदेशबाट आएकाहरूको संख्या | विदेशबाट आएकाहरूको प्रारम्भिक Screening गरिएको संख्या | प्रारम्भिक Screening गरिएकाहरूको स्वास्थ्य अवस्था | स्थापित क्वारेन्टाइन/Isolation/ICU को संख्या | क्वारेन्टाइन तथा Isolation मा रहेकाको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | हेटौडा उ.म.न.पा. | १६७ | १६७ | सामान्य रहेको | - हेटौडा एकेडेमिमा १०० बेडको क्वारेन्टाइन सञ्चालन गर्न सकिने अवस्थामा तयार गरिएको।<br>- ४ ICU सहित ३४ Isolation Bed श्रमिक मा.वि.मा तयार गरिएको) | १जना Isolation मा रहेको | ५ जना Isolation मा रहेकोमा ४ जना डिस्चार्ज भई होम क्वारेन्टाइनमा रहेको । २ जना क्वारेन्टाइनबाट डिस्चार्ज भई होम क्वारेन्टाइनमा रहेको । |
| २. | थाहा न.पा. | ८२ | ८२ | सामान्य रहेको | ओम रिसोर्टमा २५ कोठामा क्वारेन्टाइन सञ्चालनको व्यवस्था मिलाइएको | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ३. | कैलाश गा.पा. | ६ | ६ | सामान्य रहेको | ५ बेडको क्वारेन्टाइन | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ४. | ईन्द्रसरोवर गा.पा. | १६ | १६ | समान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ५. | भिमफेदी गा.पा. | १४ | १४ | सामान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ६. | मनहरी गा.पा. | ६९ | ६९ | सामान्य रहेको | अग्नीहोत्री आश्रममा २५ बेडको क्वारेन्टाइनको व्यवस्था मिलाइएको । | सबै होम क्वारेन्टाइनमा रहेका | स्थानीय एक र विदेशबाट आएका एक गरी दुई जनालाई थप परीक्षणको लागि भरतपुर रिफर गरिएकोमा स्वास्थ्य परीक्षण पश्चात् Report Negative आएको। |
| ७. | राक्सीराङ गा.पा. | ७ | ७ | सामान्य रहेको | २ बेडको क्वारेन्टाइन | होम क्वारेन्टाइनमा रहेको | |
| ८. | मकवानपुरगढी गा.पा. | ५ | ५ | सामान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ९. | बकैया गा.पा. | १२ | १२ | सामान्य रहेको | छतिवनमा ४ Isolation Bed को व्यवस्था गरिएको र १२ बेडको क्वारेन्टाइन रहेको | सबै होम क्वारेन्टाइनमा रहेका | |
| १०. | बागमती गा.पा. | २४ | २४ | सामान्य रहेको | ५० बेडको क्वारेन्टाइन | ४ जना क्वारेन्टाइनमा | |
| | जम्मा | ४०२ | ४०२ | | **क्वारेन्टाइन बेड संख्या:- २१९**<br>**Isolation Bed संख्या:- ३४**<br>**ICU संख्या:- ४** | **क्वारेन्टाइनमा रहेका:- ४**<br>**Isolation मा रहेका:- १** | |

**अन्य विवरण:-**

१. लायन्स क्लवबाट श्रमिक मा.वि. मा स्थापना गरिएको Isolation Ward लाई ८ थान PPE र ४० थान स्यानीटाइजर प्रदान गरिएको ।